धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

**युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको आ.व.२०७९/८० को पहिलो त्रैमासिक अवधिको बिवरण**

# United Modi Hydropower Ltd.

UMH UNITED MODI HYDROPOWER

Kamaladi, Kathmandu, Nepal

## Balance Sheet as on Ashwin 31, 2079 (Unaudited)

'NPR '000

| Particulars | As of Ashwin end, 2079 | As of Ashadh end, 2079 (Unaudited) | As of Ashwin end, 2078 |
|---|---|---|---|
| | | | |
| **Assets** | | | |
| Non-Current Assets: | | | |
| Properties, Plant & Equipments | 1,482,815 | 1,501,298 | 1,556,648 |
| Other Fixed Assets | 10,342 | 7,745 | 8,999 |
| Deferred Tax Assets | 5 | - | - |
| Investments | 680,000 | 680,000 | 511,250 |
| Total Non-Current Assets | 2,173,161 | 2,189,043 | 2,076,897 |
| Current Assets: | | | |
| Deposits | 3,164 | 3,158 | 3,158 |
| Other Loans & Advances | 23,827 | 23,827 | 23,227 |
| Sundry Debtors | 114,336 | 129,211 | 65,504 |
| Cash & Bank Balance | 5,344 | 3,266 | 3,361 |
| Prepaid Expenses | 1,957 | 5,673 | 3,425 |
| Total Current Assets | 148,628 | 165,135 | 98,675 |
| **Total Assets** | **2,321,789** | **2,354,178** | **2,175,572** |
| | | | |
| **Equity** | | | |
| Share Capital | 1,150,000 | 1,150,000 | 1,150,000 |
| Reserve and Surplus | 108,953 | 91,822 | 62,635 |
| Total Equity | 1,258,953 | 1,241,822 | 1,212,635 |
| **Liabilities** | | | |
| Non-Current Liabilities: | | | |
| Secured Loans | 933,490 | 984,177 | 900,614 |
| Total Non-Current Liabilities | 933,490 | 984,177 | 900,614 |
| Current Liabilities: | | | |
| Trade and Other Payables | 35,242 | 31,833 | 18,923 |
| Overdraft Loan | 73,206 | 76,673 | 30,216 |
| Dividend Payable | 17,478 | 17,478 | 11,442 |
| Provisions | 3,420 | 2,195 | 1,741 |
| Total Current Liabilities | 129,346 | 128,179 | 62,322 |
| Total Liabilities | 1,062,837 | 1,112,356 | 962,936 |
| **Total Equity and Liabilities** | **2,321,789** | **2,354,178** | **2,175,572** |

**Profit & Loss Accounts for the period ended Ashwin 31, 2079 (Unaudited)**

| Particulars | 1st Quarter FY 2079/80 | 4th Quarter FY 2078/79 | 1st Quarter FY 2078/79 |
|---|---|---|---|
| Revenue from Operations | 89,874 | 253,960 | 39,742 |
| Less: Direct Expenses | (2,802) | (15,347) | (1,600) |
| Gross Profit | 87,072 | 238,613 | 38,142 |
| Other Income | 2,216 | 38,250 | 306 |
| Staff Costs | (7,933) | (23,453) | (6,658) |
| Other Operating Costs | (7,515) | (61,974) | (8,890) |
| Financial Costs | (31,291) | (98,610) | (18,455) |
| Depreciation | (18,936) | (75,598) | (18,899) |
| Provision for Staff Bonus | (472) | (345) | - |
| Net Profit before Tax | 23,140 | 16,883 | (14,454) |
| Income Tax | (5,785) | (2,110) | - |
| **Net Profit** | **17,355** | **14,773** | **(14,454)** |

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

**युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड को आ.व. २०७९/८० को पहिलो त्रैमासिक अवधिको बिवरण**

१. **वित्तिय बिवरण**

क) त्रैमासिक अवधिको वासलात र नाफा/नोक्सान सम्बन्धी बिवरण यसै साथ संलग्न गरिएको छ र आ.ब. २०७९/८० को पहिलो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाब किताब मिति २०७९/०७/२९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिने छ।

ख) प्रमुख वित्तिय अनुपातहरू:

| प्रति शेयर आम्दानी (रु.) (EPS)** | शेयरको बजार मूल्य (रु.) | प्रति शेयर नेटवर्थ (रु.) | प्रति शेयर कुल सम्पतिको मूल्य (रु.) | तरलता अनुपात |
|---|---|---|---|---|
| १।५१ | २२१।०० | १०९।४७ | २०१।७२ | १।१५ |

**EPS वार्षिकिकरण नगरिएको।

२. **व्यवस्थापकीय विश्लेषण**

यस आयोजनापुर्ण रुपमा प्राकृतिक श्रोतमा निर्भर हुने हुदाँ यस त्रैमासमा आवश्यकता अनुसारको बहाब उपलब्ध भए अनुसार विद्युत उत्पादन भएको छ। त्यसैगरि, आयकर ऐन, २०५८ बमोजिम कम्पनीलाई प्राप्त सतप्रतिशत कर छुटको समयावधि आ. ब. २०७५/७६ मा नै सकिएको र आ. ब. २०७६/७७ देखि ३ बर्षका लागि उपलब्ध ५० प्रतिशत कर छुट समेत गत आ. ब. २०७८/७९ बाट सकिएकाले यस आ. ब. बाट कम्पनीको आयमा सतप्रतिशत कर लाग्ने भएकाले सो को प्रभाव कम्पनीको मुनाफामा परेको छ। साथै बजारमा तरलताको अभावको कारण बैकबाट लिएको कर्जामा ब्याजदर बृधि भई नाफामा असर परेको छ। मोदी खोलामा पानीको प्रवाह सन्तोषजनक रहेमा आगामी दिनहरूमा आयोजनाबाट अपेक्षा अनुसारको उत्पादन हुनेमा कम्पनी आशावादी रहेको छ।

३. **कानूनी कारबाही सम्बन्धी बिवरण**

यस कम्पनी वा यसका संस्थापक वा सञ्चालकको बिरुद्धमा कम्पनीको व्यवसायिक कारोबार सम्बन्धी कुनै पनि मुद्धा दायर नभएको।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी बिश्लेषण**

यस कम्पनीको त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धि बिबरण :

| अधिकतम मूल्य (रु.) | न्यूनतम मूल्य (रु.) | अन्तिम मूल्य (रु.) | करोवार भएको कुल दिन | कारोवार संख्या | कारोवार रकम |
|---|---|---|---|---|---|
| ३३४।०० | २१८।०० | २२१।०० | ६५ | ४,६१८,८८० | १,३१७,५७२,४९३।९० |

५. **समस्या तथा चुनौती**

यस कम्पनीले बहन गर्नु पर्ने बाह्य समस्या तथा चुनौतीमा पूर्वानुमान गरे भन्दा बाहिरको बाढी, पहिरो लगायत अन्य दैवी प्रकोपको चुनौती सदैव रहिरहने हुन्छ। नदीमा जलको प्रवाहमा कमी हुन गएमा आयोजनाबाट हुने विद्युत उत्पादनमा असर पर्न सक्दछ।

६. **संस्थागत सुशासन**

कम्पनीमा संस्थागत सुशासन राख्न व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ। कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरू न्यूनिकरण गर्न समयानुकूल नीति निर्देशिकाहरू सञ्चालक समितिले पारित गरी लागू गर्दै आएको छ। कम्पनी ऐन २०६३ को प्रावधान बमोजिम कम्पनीका सञ्चालकको अध्यक्षतामा लेखापरीक्षण समिति गठन गरिएको छ। यसका साथै प्रचलित कानून, नियमन निकायहरूबाट प्राप्त निर्देशनहरू एवं लेखापरीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदैं आएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै बिवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन।

**युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडका शेयरधनीहरुलाई लाभांश वितरण सम्बन्धी जरुरी सूचना**

कम्पनीका बिगतका साधारण सभाबाट पारित लाभाशं यदि कुनै शेयरधनीमहानुभावले नलिनुभएको भए यथाशीघ्र कम्पनीको शेयर रजिष्ट्रार सिबआइएल क्यापिटल लि., बाटुलेघर, डिल्लिबजार काठमाडौं, फोन नं. ०१-४४१८६६७/४४१७७२३ मा सम्पर्क गरी जानकारी लिनुहुन अनुरोध गर्दछौं।साथै कुनै शेयरधनीले ५ वर्षसम्म बुझी नलिएको नगद लाभांश रकम लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने भएको हुंदा कम्पनी ऐन २०६३ को दफा १८२ को उपदफा (१०) तथा लगानीकर्ता संरक्षण कोष व्यवस्थापन तथा संचालन कार्यविधि, २०७३ को दफा ५ को उपदफा (३) तथा दफा ७ को उपदफा (२) समेतको प्रयोजनार्थ आफ्नो रकम सुरक्षित गर्नुहोला। अन्यथा उक्त अवधि पश्चात लिन बांकी नगद लाभांश लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गराउंदछौं।